# प्याजखेतीका उन्नत प्रविधिहरु



सूर्य प्रसाद भट्टराई
केदार बुढाथोकी
फूल प्रसाद सुवेदी

लुम्ले कृषि अनुसन्धान केन्द्र
कास्की, नेपाल

# प्याजखेतीका उन्नत प्रविधिहरु

## परिचय

प्याज एक वहुउपयोगी तरकारीबाली हो । नेपालमा यसको खेती परापूर्व कालदेखि गरिंदै आए तापनि व्यावसायिक स्तरमा यसको खेती गर्ने चलन भने तराई बाहेक पहाडी भेगमा कतैकतै मात्र पाइन्छ तर यसको उपभोग भने प्रत्येक वर्ष वढ्ने क्रममा छ । नेपालमा उत्पादित प्याजले देशको आन्तरिक माग पूरा गर्न सकिरहेको छैन । फलस्वरुप वर्षेनी भारतबाट हजारौं टन प्याज देशमा भित्रिने गरेको पाइन्छ । हाल नेपालको तराईदेखि उच्च पहाडी भेगसम्म सफलतापूर्वक यसको खेती गर्न सकिने प्रविधिहरु विकास भइसकेको अव प्याजको उत्पादन बढाउन सकिने प्रवल संभावना देखिएको छ । यो बालीलाई प्राथमिकता दिन सकेको खण्डमा आयात प्रतिस्थापन हुने, स्थानीय उत्पादनले बजार पाउने, उत्पादकले मूनाफा तथा रोजगारी र उपभोक्ताले सरल र शूलभ माध्यमबाट प्याज प्राप्त गर्न सक्नेछन् । यी सबै तथ्यलाई ध्यानमा राखी यस लेखमा प्याज-खेती गर्ने उन्नत प्रविधिहरु प्रस्तुत गरिएको छ ।

## हावापानी

हावापानीको दृष्टीकोणले प्याजखेती नेपालको तराईदेखि उच्च पहाडी भेगसम्म (समुन्द्र सतहबाट ६० मि. देखि ३५०० मि. सम्म) सफलताकासाथ गर्न सकिन्छ । अन्य बालीको तुलनामा यो बालीले केही हदसम्म शीत, तुषारो, हिँउ र असिना समेत सहन सक्दछ । यसको बानस्पतिक वृद्धिको लागि केही कम तापमान वा ठण्डी (१३-२१ डिग्री सेण्टीग्रेड) र गाना बन्नको लागि सापेक्षिक रुपमा बढी तापमान (१५-२५ डिग्री सेण्टीग्रेड) को आवश्यकता हुन्छ । मध्यपहाडी भेगमा यसलाई हिंउदको समयमा रोपी वर्षायाम शुरुहुनु भन्दा अगावै टिपिन्छ ।

तापमान तथा प्रकाश अवधीको अन्तरक्रियाले पनि प्याजको बानस्पतिक वृद्धि र गानो बन्ने प्रकृयामा असर पार्दछ । छोटो प्रकाश अवधी (छोटो दिन) र कम तापमान भएका दिनमा प्याजको बानस्पतिक (पात र डाँठ) वृद्धि हुन्छ र लामो प्रकाश अवधी (लामो दिन) एवं बढी तापमान भएको समयमा यसको गाना बन्ने र विकास हुने प्रकिया शुरुहुन्छ । तसर्थ कुनै पनि ठाँउमा प्याजखेती गर्ने योजना तर्जुमा गर्दा यी दुई अवस्थालाई विचार पुऱ्याउनु नितान्त आवश्यक छ । निरन्तर

लामो समयसम्म कम तापमान र छोटो प्रकाश अवधी भएको खण्डमा प्याजको बानस्पतिक वृद्धि हुन्छ र त्यसपछि क्रमश लामो दिन र तापक्रम बढेमा गाना नबन्दै फूल फुल्न सक्छ ।

## जमिनको छनौट तथा माटोको प्रबन्ध

प्याजखेती खेत/बारी दुबै किसिमको जमिनमा गर्न सकिन्छ तर पनि पानीको प्रबन्ध भने यसको लागि नितान्त आवश्यक हुन्छ । किसानहरुको भनाई अनुसार सिंचाईको व्यवस्था भएका खेत/बारी जहाँ वन्यजन्तुको (जस्तै बाँदर) समस्या हुन्छ, त्यस्ता ठाँउमा बसन्ते मकै वा गहूँ लगाउनुको सट्टा प्याजखेती गर्न सकेमा वन्यजन्तुको समस्याबाट मुक्त हुनसकिन्छ । यदि खेत/बारीमा हिंउदेबाली लगांउदा छाडा पशुहरुको समस्या बढी हुन्छ भने त्यस्तो ठाँउमा पनि प्याजखेती गर्न सकिन्छ । पशुहरुले प्याजबाली नखाने हुनाले त्यस्ता जमिनहरुमा प्याजखेती गरी जमिनको सही सदूपयोग गर्न सकिन्छ ।

प्याजबाली सिंचाईको सुविधा भएको, मलिलो दूमटमाटोमा राम्रो फस्टाउने भए तापनि यसलाई विभिन्न किसिमको माटोमा खेती गर्न सकिन्छ । चिम्टाइलो तथा गह्रौ माटोमा प्याजको गाना चिरिने समस्या हुने भएकोले यस्तो माटोमा प्याजखेती गर्नुपर्दा माटोमा प्रशस्त प्राङ्गारीक मलको प्रयोग गरी छापोको व्यवस्था गर्ने र राम्रोसँग खनजोत गरी माटो बुरबुराउदो बनाउन सकिएको खण्डमा सो समस्या कम हुन्छ । त्यसैगरी बलौटे माटो पनि चाँडै सुख्खा हुने हुंदा यस्तो माटोमा खेती गर्नु परेमा सिंचाईको व्यवस्था गर्नुपर्दछ । माटोमा लामो समयसम्म चिस्यान कायम गर्नको लागि यस्तो माटोमा खेती गर्नुपर्दा प्रशस्त गोठे मल, छापोको प्रवन्ध र गहिरा ड्याङहरु बनाई खेती गर्नुपर्दछ ।

प्याजखेती क्षरीय माटोमा त्यति राम्रो हुँदैन र अधिक अम्लिय माटोमा पनि यसको खेती सफलताका साथ गर्न सकिंदैन । अम्लीयपना सन्तुलित भएको माटोमा यसको खेती गर्दा राम्रो उत्पादन लिन सकिन्छ । यसको लागि माटोको पि.एच. ५.८ देखि ६.५ राम्रो मानिन्छ । माटोमा अम्लियपना बढेको खण्डमा सिफारीस गरिए अनुसारको मात्रामा कृषिचून माटोमा मिसाउनुपर्दछ ।

## मलखाद

प्याजखेतीको निम्ति प्रशस्त मल आवश्यक पर्दछ । मलको अभावमा बाली त्यती राम्रो फस्टाउन सक्दैन । अतः प्याजखेती गर्ने जग्गामा निम्नानुसार मलको मात्रा

प्रयोग गर्दा राम्रो उत्पादन भएको कुरा लुम्लेमा गरिएको विभिन्न अनुसन्धानको अध्ययनबाट थाह भएको छ ।

तालिका नं. १ प्याजखेतीको लागि आवश्यक पर्ने मलको मात्रा, प्रकार, राख्ने तरिका र समय

| मलको प्रकार | मात्रा/रोपनी | मल राख्ने समय र तरिका |
|---|---|---|
| गोवर मल | १००० के.जी. (३०-४० डोको) | जमिन तयार गर्दा राख्ने । |
| डि.ए.पी. | ३-४ कि.ग्रा. | अन्तिम जमिन तयार गर्नु अगाडि हाल्ने । |
| म्यूरेट अफ पोटास | ४-५ कि.ग्रा. | अन्तिम जमिन तयार गर्नु अगाडि हाल्ने । |
| यूरीया | २-२.५ कि.ग्रा. | अन्तिम जमिन तयार गर्नु अगाडि हाल्ने । |

रासायनिक मलको अभावमा प्राङ्गारीक मल मात्र प्रयोग गरी खेती गर्नु परेको खण्डमा प्राङ्गारिक मलको मात्रालाई दुई गुनाले बढाई प्रतिरोपनी २००० कि.ग्रा. राम्रोसँग पाकेको गोवरमल राख्नुपर्दछ । प्याजखेती गर्नको लागि भेडा, बाखा र कुखुराको मल उपयुक्त मानिन्छन् तर भेडा, बाखाको मल प्रयोग गर्नु पर्दा सम्भव भएमा जुतोलाई मसिनो हुने गरी धुलो पारी जमिनमा मिसाउनुपर्दछ । पिना, कम्पोष्ट आदिको प्रयोग गर्दा प्याजबालीको उत्पादनमा वृद्धि हुन्छ । माटोमा पोटासको आपूर्ति गर्नको लागि खरानी प्रयोग गर्नु प्रभावकारी हुन्छ ।

## टपड्रेसिङ्ग

यूरीया मल २-४ के.जी. प्रतिरोपनीका दरले वेर्ना सारेको डेढ महिनापछि पहिलो पटक र २-४ के.जी. प्रतिरोपनीका दरले वेर्ना सारेको साँढे दुई महिनापछि दोस्रो पटक टपड्रेसिङ्ग गर्नुपर्दछ । रासायनिक मल (यूरीया) उपलव्ध हुन नसक्ने र प्राङ्गारीक मलको भरमा मात्र प्याजखेती गर्नु पर्दा टपड्रेसिङ्ग गर्नको लागि गाई/भैंसीको गहूँत र पानी बराबर मिसाई टपड्रेसिङ्ग गर्नाले पनि यूरीयाको जति नै प्रभावकारी काम गर्दछ ।

## प्याजका जातहरु

नेपालमा विभिन्न जातका प्याजखेती गर्ने गरेको पाइन्छ । यी मध्ये केही स्थानीय जात, केही उन्नत जात र तराई भेगमा भने भारतीय सिमावर्ती क्षेत्रहरुबाट त्यस भेगमा खेती गरिने जातहरु ल्याई खेती गर्ने गरेको पाइन्छ । यसरी खेती गरिने

जातहरुमा रेडक्रियोल, नुवाकोट स्थानीय, मल्लाज स्थानीय, नासीक रेड, एन-५३, एग्री फाउण्ड डार्क रेड, एग्री फाउण्ड लाइट रेड आदि नयाँ जातहरु प्रमुख मानिन्छन् । विगत केही वर्षदेखि लुम्ले कृषि अनुसन्धान केन्द्रले विभिन्न स्थानहरुमा गरेको जातीय परीक्षणको नतीजा तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २ लुम्ले कृषि अनुसन्धान केन्द्रमा परीक्षण गरिएका प्याजका जातहरुको उत्पादन नतीजा

| जात | गानाको रंग | औशत उत्पादन टन/हेक्टर |
|---|---|---|
| रियो रोजी रेड | गाढा रातो | ५३.५० |
| इक्यूनेक्स | हल्का पहेंलो | ४६.१९ |
| ग्रानोवल | हल्का पहेंलो | ४५.८१ |
| रिजल पि.भि.पी. | गाढा रातो | ४५.०७ |
| अर्लीरेड | गाढा रातो | ४१.६३ |
| रेड सिन्थेटिक | गाढा रातो | ३८.४३ |
| मल्लाज | हल्का रातो | ३५.१९ |
| रेडक्रियोल | रातो | २४.४९ |
| नासीक रेड | रातो | २०.७६ |
| एन-५३ | रातो | १७.२७ |
| रेडबम्वे | गाढा रातो | १५.११ |
| एग्री फाउण्ड | गाढा रातो | ३.९० |

*(श्रोत: भट्टराई, १९९३)*

राम्रो मलजल र सिंचाईको प्रवन्ध भएको अवस्थामा रिजल पि.भि.पी., रियो रोजी रेड, ग्रानोवल, इक्यूनेक्स, अर्लीरेड र रेड सिन्थेटिक भन्ने जातहरुले १०० टन/हेक्टरसम्म गाना प्याज उत्पादन दिएको कुरा लुम्ले कृषि अनुसन्धान केन्द्रको वाह्य अनुसन्धान स्थलमा गरेका विभिन्न परीक्षणहरुबाट थाहा भएको छ । किसानको व्यवस्थापनमा पनि यी मध्ये केही जातले स्थानीय तथा हाल प्रचलित जातले भन्दा दुई गुना बढी गाना उत्पादन दिएको पाइएको छ ।

## बीउदर

एक रोपनी जमिनमा प्याजखेती गर्नको लागि ३३,३३३ विरुवाको आवश्यकता हुन्छ । ४००-५०० ग्राम बीउबाट एक रोपनी जमिनको लागि वेर्ना उत्पादन गर्न सकिन्छ ।

## वेर्ना उमार्ने प्रविधि

कतिपय ठाँउमा कृषकहरुले प्याजको बीउ उमार्न नसकेको गुनासाहरु सुनिन्छन् । राम्रो विरुवा उमार्नको लागि सर्वप्रथम त असल तथा राम्रो उमार शक्ति भएको बीउ हुनु आवश्यक हुन्छ । राम्रो बीउ हुदाँहुदै पनि कतिपय अवस्थामा प्याजको बीउ उमार्न समस्या भएको पाईन्छ ।

बीउ राम्रो उमार्नको लागि बीउ छर्ने नर्सरी व्याड राम्रोसँग तयार गर्नुपर्दछ । व्याडमा प्रशस्त मात्रामा राम्रोसँग कुहेको गोवर मल राखी माटोलाई राम्रोसँग खनजोत गरी बुरबराँउदो बनाउनु पर्दछ । यदि व्याडमा कीराको समस्या भए मालाथियन धुलो प्रतिवर्गमिटर ५ ग्राम जतिका दरले माटोमा मिसाउनु पर्दछ । मालाथियनको अभावमा नर्सरीमा कीराबाट बचाउन खरानी, खिर्‍रो र तितेपातीका पातको मसिना टुक्राहरु बीउ छर्नु अगावै व्याडमा मिसाउनु पर्दछ । विरुवाको फेद कुहिने समस्या देखिएको ठाँउमा माटोको उपचार गर्न आवश्यक हुन्छ । यसको लागि फर्मालिनको घोल (१ लिटर पानीमा ४०-५० मि.लि.) बनाई प्रतिवर्गमिटरका लागि आधा लिटर घोल छरी त्यस व्याडलाई करिव ७२ घण्टा हावा वन्द हुने गरी प्लास्टिकले ढाक्नुपर्छ र ७२ घण्टापछि त्यसलाई खोली १ दिन जति खुला गरेपछि माटोलाई फेरी खनजोत गरी बीउ छर्नाले वेर्ना कुहिने समस्या निकै कम गर्न सकिन्छ । माटोबाट सर्ने रोग जस्तै विरुवाको डाँठ कुहिने रोगबाट बचाउन हल्का माटो भएको व्याडमा बीउ छर्ने, व्याडमा पानी जम्न नदिने, पारीलो व्याडमा खेती गर्ने, पहिले विरुवा जमाएको ठाँउमा पून: विरुवा नजमाई नयाँ माटोमा नर्सरी राख्ने र सेतो प्लास्टिकले व्याडलाई बीउ छर्नु अगाडि ८-१० दिनसम्म छोपी राख्ने गर्नाले पनि यो समस्यालाई कम गर्न सकिन्छ ।

राम्रोसँग उमार्नको निम्ति बीउ छर्नु भन्दा २४ घण्टा अगाडि बीउलाई पानीमा भिजाई चिसो कपडामा पोको पारी राख्नुपर्दछ । यसरी राखिएको बीउ २४ घण्टाभित्र टुसाउन थाल्दछ र यस्तो टुसाएको बीउलाई मलजल र खनजोत गरी राम्रोसँग तयार गरिएको व्याडमा पातलो नहुने गरी एकनासले मिलाएर छर्नु-

पर्दछ । बीउ छरी सकेपछि माटोले पातलो गरी बीउलाई पुर्नुपर्दछ र ब्याडलाई सुकेको घाँस, पराल आदिले छापो दिनाले माटोमा चिस्यान रहन्छ र माटो बुरबुराँउदो भईरहन्छ जसले गर्दा बीउ चाँडो र राम्रोसँग उम्रनमा मद्दत गर्छ । ब्याडमा बीउ छरिसकेपछि माटोको चिस्यान हेरी आवश्यकता अनुसार बेलाबेलामा हल्का तरीकाले पानी दिई रहनु पर्दछ र बीउ उम्रन थालेपछि यदि छापो चाँडै नकुहिने खालको भएमा हटाई दिनुपर्दछ ।

ब्याड बनाई सकेपछि माटो ज्यादै सुख्खा छ भने बीउ छर्नुभन्दा २-३ दिन अगावै ब्याडलाई राम्ररी पानीले भिजाउनुपर्दछ र माटोमा ठिक्क चिसोपना भएपछि मात्र बीउ छर्नुपर्दछ ।

नर्सरीमा राम्रोसँग उम्रिएका र हुर्काइएका विरुवा ८-१० हप्तामा रोप्नलायक हुन्छन् । रोप्नको लागि तयार भएको विरुवालाई नर्सरीबाट उखेल्नु भन्दा ५-७ दिन अगाडि देखि पानी दिन बन्द गर्नुपर्दछ र उखेल्नु भन्दा एक दुइ घण्टा अगाडि मात्र ब्याडलाई सिंचाई दिनुपर्दछ । यदि विरुवा रोप्ने बेलामा निकै अग्लो (१० से.मि. वा १ कुरेतभन्दा बढी) भएमा विरुवाको टुप्पो तिरबाट १ तिहाई भाग चुँडेर फाली विरुवा रोपेमा बढी सर्ने र राम्रो उत्पादन हुने कुरा विभिन्न अनुसन्धानबाट थाहा भएको छ ।

## बीउ छर्ने र विरुवा रोप्ने समय

प्याजखेती गर्नको लागि अधिराज्य भरका सबै ठाँउमा एउटै समयमा बीउ छर्न र विरुवा रोप्न मिल्दैन । चाँडो रोप्नाले प्याज गाना बन्नु अगावै फुल्ने, गाना चिरिने, प्याजको गानाको घाँटी मोटो हुने आदि समस्या हुने र ढिलो गरी रोप्दा मसिना गाना भै उत्पादनमा कमी हुने र गाना खन्ने बेलामा वर्षादले भेटी भण्डारणमा समेत नोक्सान हुन्छ । यस कारणले गर्दा उपयुक्त समयमा मात्र प्याज रोप्ने काम गर्नुपर्दछ । लुम्ले कृषि अनुसन्धान केन्द्रमा (१५५० मि.) गरिएको परीक्षण अनुसार मध्य-पहाडमा पौष महिना अगाडि प्याज रोप्दा अत्यधिक फुल्ने देखिएको छ ।

तालिका नं. ३ विभिन्न मितिमा प्याज रोप्दा फूल्ने र गाना उत्पादनमा पर्ने असर

| बेर्ना रोपेको मिति | फुल्ने प्रतिशत | गाना उत्पादन/रोपनी (के.जी.) |
|---|---|---|
| मंसिर ५ गते | ८१.० | २६५.० |
| मंसिर २० गते | १५.० | ११०३.० |
| पुष ५ गते | ४.० | ११२६.० |
| पुष २० गते | ०.० | ७०६.० |
| माघ ५ गते | ०.० | ३०४.० |
| माघ २० गते | ०.० | ९३.० |
| फागुन ५ गते | ०.० | १०३.० |
| फागुन २० गते | ०.० | ५४.० |

(श्रोत: बुढाथोकी र साथीहरु, १९९०) ।

परीक्षणबाट के कुरा स्पष्ट भएको छ भने अगौटे बालीमा फुलेर र पछौटे बालीमा साना गाना र कम बोट बाँचेर गाना उत्पादनमा कमि देखिएको छ । विभिन्न कृषि फार्म तथा लुम्ले कृषि अनुसन्धान केन्द्रमा गरिएका अनुसन्धानको आधारमा नेपालको विभिन्न भागका लागि प्याजबाली रोप्ने समय निम्न प्रकारले निर्धारण गरिएको छ ।

तालिका नं. ४ विभिन्न स्थान/उचाईमा प्याजको बीउ छर्ने र विरुवा रोप्ने उपयूक्त समय

| क्षेत्र (उचाई) | बीउ छर्ने समय | वेर्ना रोप्ने समय |
|---|---|---|
| तराई (३०० मि. सम्म) | असोज-कार्त्तिक | मंसिर-पौष |
| तल्लो पहाड (३००-६०० मि.) | कार्त्तिक | पौषको पहिलो हप्ता |
| मध्य पहाड (६००-२५०० मि.) | मध्य कार्त्तिक-मध्य मंसिर | मध्य पौष-मध्य माघ |
| उच्च पहाड (२२००-३५०० मि.) | चैत्र-बैशाख | जेठ-आषाढ |

माथि उल्लेखित मिति भन्दा अगाडि बीउ छरेमा वा वेर्ना रोपेमा उत्पादनमा प्रतिकूल असर पर्नसक्छ ।

## बेर्ना रोप्ने तरीका

प्याजखेती हिले वा धुले दुबै तरीकाद्धारा रोप्न सकिन्छ । माटो हिल्याएर धान रोपे झैं रोपेको अवस्थामा गोडमेल अलि बढी गर्नुपर्दछ भने धुले डयाङ्गमा रोप्दा बेर्ना रोपी सकेपछि सिंचाई दिने व्यवस्था मिलाउनुपर्दछ । तर जुनसुकै तरीकाले रोपे पनि लाईन मिलाएर एक हार देखि अर्को हारको फरक १५ से.मि. (एक कुरेत) र हारमा एक विरुवा देखि अर्को विरुवाको फरक १० से.मि. (४ अंगुल) कायम गर्नुपर्दछ । विरुवा रोप्ने बेलामा धेरै गहिरो गरी रोप्नुहुदैन । यसो गर्दा विरुवाको गुबो पुरिन गई विरुवा मर्ने र गाना चिरिने समस्या बढी हुने तथा गाना बढ्न गाह्रो हुन्छ । पानीको अभाव भएका क्षेत्रमा प्याजखेती गर्दा अग्लो डयाङ्ग नबनाई गहिरा डयाङ्ग बनाउनाले माटोको चिस्यान कायम राख्न सकिन्छ । दुई डयाङ्गको बीचमा २०-२५ से.मि. ठाँउ छोड्नुपर्दछ जसबाट हिंडडुल, गोडमेल र अन्य कार्य गर्न सजिलो पर्दछ ।

## बाली चक्र र अन्तरबाली

प्याजबालीलाई विभिन्न किसिमको बाली चक्रमा लगाउन सकिने भएतापनि खेतमा धानपछि र बारीमा मकै/कोदो वा कोदो वा मकै पछि प्याज लगाउने चलन व्यापक छ । यसको अलावा यसलाई विभिन्न तरकारी बालीचक्रमा पनि सफलताका साथ लगाउन सकिन्छ ।

प्याजबालीसँग चाँडै हलक्क बढ्ने, स-साना वोट हुने, बालीलाई अन्तर/मिश्रित बालीका रुपमा लगाउन सकिन्छ । चम्सुर, धनियाँ, पालुङ्गो, मेथी, सोंप, सलगम आदि बालीलाई पातलो गरेर प्याजलाई हानी नपुग्ने गरी लगाँउदा झारपात नियन्त्रण समेत हुने र त्यसरी लगाइएको दुबै बालीबाट राम्रो उत्पादन र आम्दानी लिनसकिन्छ । तर अन्तरबाली लिने हो भने मलको मात्रामा केही वृद्धि गर्नुपर्छ ।

## सिंचाई

प्याजबाली पानी रुचाउने खालको बाली हो । विरुवा रोप्ने वित्तिकै एक पटक राम्रोसँग जमिन भिज्ने गरी पानी दिनु आवश्यक हुन्छ तर जमिनमा लामो समयसम्म रहने गरी पानी जम्न दिनुहुदैन । यसो भएमा विरुवाको जरा कुहिने सम्भावना हुन्छ । थप सिंचाईको हकमा भने माटोमा चिस्यानको मात्रा, आकासे पानीको अवस्था र माटोको प्रकार अनुसार आवश्यकता हेरी निर्धारण गर्नुपर्दछ । माटो सुख्खा कदापी हुनदिनु हुँदैन । पानीको पहुल नहुने स्थानमा प्याजको दुई

हारको वीचको जमिनमा सुकेको पराल आदिले छापो दिनुपर्दछ । राम्रो उत्पादन लिनको लागि गाना बन्न थालेपछि पानीको कमि गर्नुहुदैन ।

## गोडमेल

प्याजबालीलाई बेलाबेलामा गोडमेल गर्नु अति आवश्यक हुन्छ । झारले प्याजको उत्पादन र विरुवाको स्वास्थ्यमा निकै असर गर्दछ । विरुवा सारेको शुरुशुरुको अवस्थामा प्याजको बृद्धिदर निकै ढिलो हुने हुंदा झारको प्रकोप निकै बढ्छ र उक्त झारलाई उचित समयमा गोडमेल गर्न नसकेको खण्डमा उत्पादनमा निकै ह्रास आउँछ । प्याज निकै बाक्लो हुने गरी लगाइने बाली भएको हुनाले गोडमेल गर्दा प्याजको वोट र गानामा चोटपटक नलाग्ने गरी गोडमेल गर्नुपर्छ । प्याज गानोबाली भएको हुनाले झार उखेल्ने र माटो सधैं हल्का राख्नुपर्छ । माटो हल्का राख्न नसकिएको खण्डमा गानाको विकासमा अवरोध आउने र गाना चिरिने समस्या बढी हुन्छ । लुम्ले कृषि अनुसन्धान केन्द्रमा गरिएको अनुसन्धान अनुसार समयमा झार ननिकाल्दा उक्त झारको प्रकोपले प्याजको उत्पादनमा पुरै ह्रास (१००% नोक्सान) पारेको पाइएको छ । यसले गर्दा प्याजखेती गर्ने कृषकहरुले झार नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । व्यवसायिक स्तरमा प्याजखेती गर्ने कृषकहरु र जहाँ गोडमेलको लागि ज्यामीको अभाव हुन्छ त्यस्तो ठाँउमा झारनाशक विषादी प्रयोग गरी झार नियन्त्रण गर्न सकिन्छ । लुम्लेमा गरिएको परीक्षणमा तोल्कान धुलो २ ग्राम/लि. पानीमा मिसाई विरुवा रोपेको २० दिनपछि छर्नाले सबै झारहरु नष्ट भै गाना उत्पादनमा बृद्धि भएको पाइएको छ ।

## बाली टिप्ने

प्याजबालीलाई बाली टिप्ने अवस्थाका आधारमा दुई भागमा वर्गिकरण गर्न सकिन्छ । हरियो प्याजको लागि लगाइएको बालीलाई पात हरियो हुदै र गाना पुरै नपाक्दै टिपिन्छ भने गानाको लागि लगाइएको प्याज भने बाली पाकेपछि मात्र टिप्नुपर्दछ । गानो प्याजबाली टिप्न तयार हुनको निम्ति यसका पातहरु पहेंलिएको, घाँटी सुकेर बोट लडेको र बाहिरको कत्ला पनि सुकेको हुनु आवश्यक हुन्छ । जब खेतबारीमा ५०% जति वोट यस अवस्थामा पुग्दछन्, अरु बांकी वोटलाई समेत लडाउनु पर्छ र लडाएको १ हप्तापछि बाली टिप्न लायक हुन्छ । बाली टिप्दा प्याजको वोटलाई राम्ररी घाउ चोटपटक नलाग्ने गरी उखेली पात काटेर राख्नुपर्दछ । पातहरु वोट लडेको ठाँउभन्दा १-२ से.मि. माथि काट्दा भण्डारणमा लामो समयसम्म रहन सक्दछ ।

## क्यूरिङ गर्ने

क्यूरिङ गर्नुको उदेश्य प्याजका गानाको भण्डारण क्षमतामा बृद्धि गराउनु हो । क्यूरिङ गर्नको लागि खनेर ल्याइएको प्याजलाई राम्रो हावा खेल्ने, ओभानो ठाँउमा पातलो गरी आन्दाजी १ हप्तासम्म राखिन्छ र त्यस बेलासम्ममा प्याजको घाँटी पनि कक्रक्क भईसक्दछ र बाहिरको कत्लापनि राम्रोसँग ओभाई सकेको हुन्छ । यस प्रकृयामा प्याजको गानाबाट प्रशस्त मात्रामा पानी उडेर गैसकेको हुनाले भण्डारणमा कम नोक्सान हुन्छ ।

## भण्डारण

क्युरिङ पश्चात गानालाई भण्डारण गर्न आवश्यकता हुन्छ । उपयुक्त तरिकाले भण्डार गर्न नसकेमा भण्डारमा प्याजको गाना कुहिएर, टुसाएर, चाउरिएर, जरा आएर आदि कारणबाट नोक्सान हुन्छ । प्याज भण्डारण गर्ने ठाँउ ओवानो, र हावा खेल्ने खालको हुनुपर्दछ । भण्डारण गर्दा प्याजलाई बोरा, डोको आदिमा विभिन्न तरिकाले राखिने चलन भएतापनि थोरै प्याज भण्डारण गर्नु छ भने सुकेको पात सहितका गानाको मुठा बनाई घर अगाडि बार्दली वा अन्य ओवानो, हावा खेल्ने ठाँउमा झुण्डाएर राख्दा कम नोक्सान हुन्छ । यदि त्यसरी झुण्डाएर राख्ने व्यवस्था नभएमा घरको माथिल्लो तल्ला तथा ओवानो ठाँउमा जहाँ उज्यालो र हावाको प्रवाह राम्रो हुन्छ, त्यस्तो ठाँउमा पातलो हुने गरी फिजाएर राख्नुपर्दछ । यो बाहेक भण्डारणमा गाना खप्ने कारणहरु मध्ये जातीय छनौट पनि एक प्रमुख हो । लुम्लेमा गरिएको परीक्षणमा कुनै जात बढी खप्ने र अन्य जात भण्डारणमा कम खप्ने पाइएको छ । अत: उत्पादकको उद्देश्य प्याज उत्पादन गर्ने वित्तिकै विकी गर्ने नभै केही समयसम्म भण्डार गरी बेचविखन गर्ने हो भने भण्डारणमा बढी खप्ने खालका जातको छनौट गर्नुपर्दछ ।

राम्रो भण्डारण क्षमता र बढी उत्पादनका लागि परीक्षणबाट उपयुक्त ठहरिएका जातहरुमा रियो रोजी रेड, अर्ली रेड, रिजल पि.भि.पी., रेड सिन्थेटिक, रेड क्रियोल आदि पाईएका छन् ।

## उत्पादन

राम्रो रेखदेख र आवश्यकता अनुसार मलजल गरी ठीक समयमा लगाइएको उन्नत जातका प्याजबाट प्रतिरोपनी ४०००-५००० के.जी. सम्म गाना प्याज उत्पादन हुनसक्ने कुरा लुम्लेमा गरिएका विभिन्न परीक्षणबाट पत्ता लागेको छ ।

**बेमौसमी प्याजखेती**

तल्लो तथा मध्यपहाडी भेगमा बेमौसमी प्याजखेती गर्नको लागि माघ महिनातिर व्याडमा बाक्लो हुने गरी प्याजको बीउ छरी जेठ महिनामा मसिना प्याजका पोटीहरु तयार हुन्छन् । ती पोटीहरुलाई मलिलो हल्का माटो भएको र पानीको निकास भएको ठाँउमा रोपी मंसिर-पौष महिनामा गाना उत्पादन गर्न सकिन्छ ।

लुम्ले कृषि अनुसन्धान केन्द्रको विभिन्न वाह्य अनुसन्धान स्थलहरुमा गरिएको परीक्षणबाट एग्री फाउण्ड डार्क रेड र एन-५३ भन्ने जातका प्याजको पोटी रोपेर खेती गर्दा बेमौसमी प्याजखेतीबाट निकै राम्रो उत्पादन भएको पाइएको छ ।

**बाली संरक्षण**

**कीरा**

**थ्रिप्सः** यो प्याजमा अक्रामण गर्ने एक प्रमुख शत्रु हो । यी कीराहरु धेरै साना र प्वाँखदार पखेटा भएका हुन्छन् । यी कीराका वयस्क १ मि.मि. जति लामा, धमिलो खैरो रंगका हुन्छन् भने बच्चा चाँही (निम्फ) सेता र अलिअलि पहेलो रंगका हुन्छन् । यिनीहरुले पातहरुलाई खोस्री रस चुसेर खाने भएकोले विरुवा पहेलो भई उत्पादनमा ह्रास आँउछ ।

**उपचारः** मालाथियनको ०.५% को झोल (१ लिटर पानीमा १.५ मी.ली. औषधी) प्रयोग गर्नाले यसको नियन्त्रण हुन्छ । यो विष छरेको १ हप्तासम्म बाली टिपेर खानाको लागि प्रयोग गर्नुहुदैन ।

**रोग**

**डाउनी मिल्ड्यूः** यो रोग लाग्दा वोट गठारिने, पात पहेलो हुने र पातको आकार बिग्रने हुन्छ । नियालेर हेर्दा पातमा सेतो ढुसीको बिकास भएको देखिन्छ । वोट पुरै नमरे पनि बोटको बृद्धि हुन सक्दैन र सानो गानो लाग्छ ।

**रोकथामः** यसको रोकथामको निम्ति जंगली तथा पुराना रोगी प्याजका वोटलाई खेती गरिने क्षेत्रबाट हटाउने, व्याडमा पानी जम्न नदिने, रोग मुक्त क्षेत्रको बीउ र विरुवा प्रयोग गर्ने गर्नुपर्दछ । रासायनिक विधिबाट रोकथाम गर्नको लागि डाइथेन एम-४५ (०.२%), क्यूमान (०.१%) वा १ लिटर पानीमा १ ग्राम वा डाईफोलाटन (०.१%) अर्थात १ लिटर पानीमा १ ग्रामको झोल विरुवा रोपेको २० दिनपछि १०/१० दिनको फरकमा ३ पटकसम्म छर्कनुपर्दछ ।

**प्याजको कालो पोके:** नर्सरीमा विरुवा उम्रने वित्तिकै पातमा धमिला थोप्ला वा धर्साहरु देखिन्छन् । यी थोप्ला वा धर्सा चिरिएर फुटेपछि त्यहाँबाट कालो धुलोको थुप्रो बाहिर निस्कन्छ । यसरी रोगी विरुवालाई हेर्दा पातमा भन्दा डाँठमा रोगका ठुला थोप्लाहरु देखिन्छन् ।

**रोकथाम:** बालीचक्र पद्धती अपनाई सो ठाँउमा ५ वर्षसम्म प्याजखेती गर्नुहुदैन । रोगी विरुवालाई रोगको थोप्ला नफुट्दै उखेली नष्ट गर्नुपर्छ । थिराम, क्याण्टान वा अर्सनी धुलो ५.५-८.० ग्रामले ४.५ के.जी. बीउ उपचार गरी विरुवा उत्पादन गरेमा रोगबाट बचाउन सकिन्छ । यी ढुसीनाशकको घोल (१५० ग्राम/१०० लिटर पानीमा) ले जमिन भिजाएको खण्डमा सानो अवस्थाका विरुवालाई नर्सरीमा यो रोगबाट बचाउन सकिन्छ । फर्मालिनले उपचार गरेको व्याडमा बीउ छर्दा पनि यसको प्रकोप कम पाइएको छ ।

**प्याजको वैजनी थोप्ले:** यो रोग प्याजको निकै हानीकारक रोग मानिन्छ । शुरुशुरुमा पानीमा भिजे जस्ता थोप्ला पातको टुप्पोमा र बीउ फल्ने डाँठमा देखिन्छन् र ती थोप्लाहरु बिस्तारै बिस्तारै खैरो रंगमा बदलिन्छन् । जब यी थोप्लाहरु बढ्दै जान्छन् तब ठूलो वैजनी रंगका थोप्लाहरु देखिन्छन् ।

**रोकथाम:** रोग नियन्त्रणको लागि पानी राम्रो निकास भएको जमिनमा खेती गर्ने, थिराम (२.५ ग्राम/कि.ग्राम बीउ) ले बीउ उपचार गर्नुपर्दछ । ब्लाइटेक्स-५० वा फाइटोलान ०.०५% (अर्थात १ लिटर पानीमा आधा ग्राम) को झोल रोगको लक्षण देखिने बित्तिकै १०/१० दिनको फरकमा २/३ पटकसम्म छर्न सकेमा रोग नियन्त्रण गर्न सकिन्छ ।

## सन्दर्भ सामग्रीहरु:


Bhattarai, S.P., L.K. Amatya, R.B. Rana and B. Adhikari (1993). Normal Season Onion (*Allivm cepa L.*) Research at Lumle. Working Paper No. 93/39. Lumle Agricultural Research Centre, Nepal.

Budathoki, K., N. Ghale and P.P. Subedi (1990). Report on Vegetable Crops Activities of Lumle Agricultural Research Centre From 1987/88 to 1989/90, Seminar Paper No. 23, Lumle Agricultural Research Centre, Nepal.

प्रकाशक:

**तालीम, सूचना तथा प्रसार शाखा**
लुम्ले कृषि अनुसन्धान केन्द्र
कास्की, नेपाल

प्रकाशन क्रम: प्र.सा. ६-०५०/५१
२००० प्रति

सम्पर्क ठेगाना: लुम्ले कृषि अनुसन्धान केन्द्र
पो.बा.नं. १, पोखरा
कास्की, नेपाल ।

फोन नं.: ०६१-२१३९९, २०३८५